# तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४) तिलोत्तमा, जेष्ठ महिना ३ गते २०७७ साल (संख्या १

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७७ सालको कार्यविधि नं. १

## कार्यविधिको नाम : "तिलोत्तमा नगरपालिकाको बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०७७"

**प्रश्तावना :** कृषि विकासमा पर्याप्त टेवा पुऱ्याउँदै कृषि पेशामा बृहत्तर सुधारका साथै व्यावसायिक विकासका लागि तिलोत्तमा नगरपालिका भित्र खाद्य सम्प्रभुताको हकलाई सुनिश्चीत गर्दै, कृषि योग्य जमिनको गैह्र कृषि क्षेत्रमा रुपान्तरणको वर्तमान परिस्थितिमा खेतीयोग्य जमिनको संरक्षण गरी उत्पादनको स्रोतको रुपमा रहेको भूमिको अव्यवस्थित तथा बाँझो अवस्थालाई रोक्न व्यक्ति, समूह, फर्म, कम्पनी तथा संस्थाको सहभागिता जनाउँदै,

नगरपालिकाको कृषि नीतिमा उल्लेख भए अनुरुप कृषक समूह, वडा स्तरीय कृषि समिति सञ्जाल, टोल विकास संस्था, सहकारी समेतको समन्वयमा नगरपालिका भित्र अव्यवस्थित रुपमा व्यक्ति, संस्था, कम्पनीको नाममा दर्ता श्रेष्ता रहेका तर बाँझो अवस्थामा रहेका जग्गालाई व्यक्ति, संस्था, कम्पनी स्वयंले खेती गर्न लगाउने अन्यथा संधियार वा अन्य व्यक्ति वा संस्था र समूहले नगरपालिकाको समन्वयमा खेती गर्ने गरी नियमन गर्न वाञ्छनीय भएकोले ।

तिलोत्तमा नगरपालिकाको केही कानून तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ बमोजिम नगरकार्यपालिकाको मिति २०७७/०२/०३ गतेको वैठकले यो **"तिलोत्तमा नगरपालिकाको बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०७७"** स्वीकृत गरी लागू गरिएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "**तिलोत्तमा नगरपालिकाको बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०७७**" रहेको छ।

(२) यो कार्यविधि तिलोत्तमा नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात् तिलोत्तमा नगरपालिका क्षेत्र भर लागू हुने छ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिका सम्झनु पर्छ।

(ख) **"विषयगत कृषक वा कृषक समूह"** भन्नाले वाली अनुसार विषयगत रुपमा कुनै निश्चित स्थानका बढीमा १५ जना सम्म कृषक आबद्ध भई नगरपालिकामा दर्ता भएको कृषक वा कृषक समूह सम्झनु पर्छ।

(ग) **"वडास्तरीय कृषि फार्म समन्वय समति"** भन्नाले तिलोत्तमा नगरपालिकामा सूचिकृत भई सम्बन्धित वडामा कृयाशिल कृषि फार्म संचालकहरुको सहभागितामा गठन भएर नगरपालिकामा दर्ता भएको समिति सम्झनु पर्छ।

(घ) **"कृषि सहकारी संस्था लि."** भन्नाले तिलोत्तमा नगरपालिकामा सूचिकृत भई सम्बन्धित वडामा क्रियाशिल कृषि सहकारी संस्था लि. सम्झनु पर्छ।

(ङ) "वडा स्तरीय कृषि समिति (संजाल)" भन्नाले वडा स्तरमा गठन भई नगरपालिकामा दर्ता भएको कृषि समिति (संजाल) सम्झनु पर्छ।

(च) "नगरपालिका मूल कृषि समिति (संजाल)" भन्नाले नगर स्तरमा गठन भई नगरपालिकामा दर्ता भएको कृषि समिति (संजाल) सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले कृषक समूह, कृषि सहकारी संस्था लि., वडा स्तरीय कृषि फर्म समन्वय समिति लगायत वडा स्तरीय र नगरपालिका मूल कृषि समिति (संजाल) का सदस्यलाई सम्झनु पर्छ।

(ज) "सरोकारवाला" भन्नाले कृषि वस्तु उत्पादन एवं बजार प्रबर्द्धन कार्यमा आवद्ध संघ संस्था वा व्यक्तिलाई बुझ्नु पर्दछ।

(झ) "जग्गा धनी" भन्नाले प्रचलित कानून वमोजिम नेपाल सरकारको आधिकारीक निकायमा दर्ता भई तिरोभरो चलेको आधिकारिक श्रेस्ताधारी व्यक्ति सम्झनु पर्छ र सो शव्दले निजका हकवाला समेतलाई जनाउने छ ।

(ञ) "खेतीवाला वा किसान" भन्नाले जग्गा धनीको सहमती वा समितिको सिफारिसमा खेती गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले संस्था, कम्पनी वा कृषि समूह समेतलाई जनाउने छ ।

(ट) "समिति" भन्नाले नगर स्तरीय बाँझो जग्गा उपयोग समितिलाई सम्झनु पर्छ र सो शब्दले वडा स्तरीय बाँझो जग्गा उपयोग समिति समेतलाई जनाउनेछ ।

## परिच्छेद –२

## उद्देश्य तथा कार्यहरु :

३. **उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ,-

(१) नगरवासी कृषकहरुको सामाजिक, आर्थिक, व्यवसायिक हितलाई ध्यानमा राखी अव्यवस्थित रुपमा रहेको खेतीयोग्य बाँझो जग्गालाई उर्वर वनाउने ।

(२) कृषि पेशालाई आधुनिकीकरण एवं विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै व्यवसायिक खेती गर्न उत्प्रेरित गर्ने ।

(३) कृषक समूह सदस्यहरुमा स्वावलम्बनको ज्ञान पारस्परिक सहयोग र मितव्ययीताको भावना सिर्जना गर्ने ।

(४) आर्थिक तथा सामाजिक विकासमा व्यावसायिक कृषि पेशाको योगदान अभिवृद्धि गराउने ।

(५) खाद्यसम्प्रभुताको हकलाई सुनिश्चित गर्दै, कृषियोग्य जमिनको गैह्र कृषि क्षेत्रमा रुपान्तरणको वर्तमान परिस्थितिमा खेतीयोग्य जमिनको संरक्षण गर्ने ।

(६) सामूहिक तथा व्यवसायिक खेती गर्न उत्प्रेरित गर्ने ।

४. **कार्यहरु :** समितिले उद्देश्यहरु प्राप्तीका लागि देहाय बमोजिमका कार्यहरु गर्नेछ,-

(१) खाली जग्गाको अवस्थिती र अनुमानित क्षेत्रफलका आधारमा छिमेकी तथा स्थानीय बासिन्दाको सहयोगमा टोल विकास संस्थाले सम्बन्धित वडामा जानकारी गराउने ।

(२) तोकिएको समय भित्र सम्बन्धित जग्गा धनीले खेती गर्ने प्रकृया अघि नबढाएमा सम्बन्धित वडामा अभिलेख राखी जग्गाको साँध सिमाना र वनावटमा असर नपर्ने गरी खनजोत गरी मौसमी खेती गर्ने वा गर्न लगाउने ।

(३) खनजोत गरी उत्पादित कृषि उपजको पूर्ण स्वामित्व वाली लगाउने छिमेकी कृषक वा कृषि समूहको हुने सुनिश्चितता गर्ने ।

(४) जग्गा धनी स्वयंले जग्गा उपयोग गर्ने भएमा वाली लगाउने खेतीवालालाई बाली भित्राउने प्रयोजनको लागि कम्तीमा तीन महिनाको पूर्व सूचना दिने ।

(५) प्रचलित कानून बमोजिमको जग्गाको कर तिरो, भरो स्वयं जग्गा धनीले नै तिर्नुपर्ने ।

(६) कृषि विकासकालागि संभाव्यता अध्ययन, समस्या पहिचान र समाधानका उपाय अवलम्बन गर्ने ।

(७) कृषि कार्यक्रमको कार्यान्वयन गर्ने, संचालित कार्यक्रमको अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।

## परिच्छेद –३
## समिति गठन

५. **समितिको गठन प्रकृया :** नगरपालिका बाँझो जग्गा उपयोग समिति गठन प्रकृया देहाय बमोजिम हुनेछ,-

(१) वडास्तरीय बाँझो जग्गा उपयोग समिति ।

(२) नगर स्तरीय बाँझो जग्गा उपयोग समिति ।

(३) वडास्तरीय बाँझो जग्गा उपयोग समितिमा समावेशिताको आधारमा यस पूर्व गठन भएको कृषक समिति (सञ्जाल) र वडा समितिले छानेको टोल विकास संस्थाका प्रतिनिधि रहनेछन् ।

(४) वडा स्तरीय बाँझो जग्गा उपयोग समिति वडा सदस्यको संयोजकत्वमा समावेशीताको आधारमा वढीमा सात सदस्य सम्मको हुनेछ ।

(५) नगरपालिका स्तरीय बाँझो जग्गा उपयोग समितिमा वडास्तरीय बाँझो जग्गा उपयोग समितिका संयोजक वा निजले तोकेका सदस्य १ जना प्रतिनिधि हुनु पर्नेछ ।

(६) नगरस्तरीय बाँझो जग्गा उपयोग समिति नगरकार्यपालिकाको सदस्यको संयोजकत्वमा २१ सदस्य सम्मको हुने छ ।

६. **वडा स्तरीय बाँझो जग्गा उपयोग समितिको गठन** : वडा स्तरीय बाँझो जग्गा उपयोग समिति गठन समावेशीताको आधारमा देहाय बमोजिम गठन हुनेछ,-

(१) वडा समितिले तोकेको वडा समितिको सदस्य संयोजक - १

(२) संयोजकले तोकेको वडाभित्रको टोल विकास संस्थाका प्रतिनिधि - २ जना

(३) वडा समितिले मनोनित गरेको वडा कृषि समिति (संजाल) मध्येबाट - ३ जना

४) वडा सचिव सदस्य सचिव - १

७. **काम, कर्तव्य र अधिकार** : वडा स्तरीय बाँझो जग्गा उपयोग समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(१) वडा स्तरमा रहेका कृषक वा कृषक समूह, वडास्तरीय कृषि फार्म समन्वय समिति, कृषि सहकारी संस्था लि. तथा अन्य सरोकारवालासँग समन्वय गरी बाँझो जग्गाको उपयोग सम्बन्धी योजना तयारी र कार्यान्वयन गर्ने ।

(२) बाँझो जग्गामा खेती गर्न जग्गा धनी, संधियार वा सम्बन्धित सारोकारवालासँग समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

(३) बाँझो जग्गाको उपयोग भए नभएको अनुगमन, निरीक्षण तथा पृष्ठपोषण प्रदान गर्ने ।

(४) बाँझो जग्गाको अवस्था, प्रारम्भिक तथ्याङ्क एवं प्रोफाइल लिई अनुसूची-१, बमोजिमको फाराम भरी अध्यावधिक गरी वडा समितिमा पेश गर्ने।

(५) खेतीवाला कृषकलाई नीतिगत रुपमा सुझाव प्रदान गर्ने ।

(६) वडा स्तरमा खाद्य सुरक्षाको विश्लेषण गर्ने ।

(७) नगरपालिकाबाट कृषिसँग सम्बन्धित कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।

(८) खेतीयोग्य सरकारी बाँझो जग्गाको व्यवस्थित र व्यवसायिक उपयोगका लागि नगरपालिकामा सिफारिस गर्ने ।

(९) निजी जग्गाको लगत तयार गरे पश्चात सार्वजनिक जग्गा पहिचान तथा संरक्षण समितिले पहिचान गरेका उक्त वडाका अतिक्रमित सार्वजनिक एवं संरक्षण र उपयोग गर्न सकिने जग्गाहरुको विवरण समावेश गरी अनुसूची-२, बमोजिमको फाराम अध्यावधिक गरी वडा

समितिमा पेश गर्ने र वडा समिति मार्फत नगरस्तरीय बाँझो जग्गा उपयोग समितिमा पेश गर्ने ।

८. **नगर स्तरीय बाँझो जग्गा उपयोग समितिको गठन** : नगर स्तरीय बाँझो जग्गा उपयोग समितिको गठन देहाय बमोजिम हुनेछ,-

(१) नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिकाको सदस्य, संयोजक - १ जना

(२) कृषि क्षेत्रका नगरबासी विज्ञहरुमध्ये सचिवालयको समन्वयमा समितिबाट मनोनित - २ जना

(३) प्रत्येक वडाबाट १ जनाका दरले वडा स्तरीय बाँझो जग्गा उपयोग समितिका संयोजक वा निजले तोकेको सदस्य - १७ जना

(४) कृषि शाखा प्रमुख सदस्य सचिव - १ जना

९. **काम, कर्तव्य र अधिकार :** नगर स्तरीय बाँझो जग्गा उपयोग समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिक हुनेछ,-

(१) बाँझो जग्गाको उपयोग सम्बन्धमा कृषि क्षेत्रको विकासका लागि नगरपालिकालाई नीतिगत रुपमा सुझाब दिने ।

(२) बाँझो जग्गा उपयोग सम्बन्धी नीति तथा कार्यक्रम अनुसारको कृषि विकास क्रियाकलापमा सहकार्य गर्ने ।

(३) वडा स्तरीय बाँझो जग्गा उपयोग समितिबाट संकलन भएका माग/प्रस्तावहरुको विश्लेषण गरी महत्वपूर्ण कार्यको प्राथमिकता तोकी नगरपालिकामा आवश्यक सहयोगका लागि सिफारिस गर्ने ।

(४) नगरपालिकाको व्यवहारिक तथा व्यवसायिक कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने ।

(५) नगरपालिकाबाट बाँझो जग्गा उपयोग सम्बन्धित कार्यहरु तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।

(६) नगरपालिकाबाट संचालित बाँझो जग्गा उपयोग सम्बन्धी कार्यक्रमको अनुगमन/निरीक्षण गरी/गराई अनुसूची-२ बमोजिम नगरकार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

(७) नगरक्षेत्र भित्र बाँझो जग्गा उपयोग तथा प्रबर्द्धनको लागि आवश्यक पर्ने कार्यक्रमको लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

(८) वडा स्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा नगरको खाद्य सुरक्षा अवस्था विश्लेषण गर्ने ।

(९) जग्गावाला र खेतीवाला किसानको बीचको विवादको समाधान गर्ने ।

(१०) वडास्तरीय बाँझो जग्गा उपयोग कार्य समितिको काम कारवाहीको अनुगमन गरी सुझाव दिने ।

(११) बाँझो जग्गाको सबै वडाको लगत प्राप्त भए पश्चात अनुसूची-३ बमोजिमको फाराम भरी नगरकार्यपालिकामा पेश गर्ने ।

**१०. <u>समितिको बैठक</u> :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) संयोजकको निर्देशनमा सदस्य सचिवले समितिको बैठक बोलाउनेछ ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको ५० प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको निर्णय समितिको निर्णय मानिने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

(६) समितिको बैठकको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकमा सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) समितिको बैठक संचालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## <u>विविध</u>

**११. <u>कार्यविधिमा संशोधन</u>:** नगर कार्यपालिकाको बैठकबाट कार्यविधिमा समय सापेक्ष संशोधन गर्न सकिने छ ।

**१२. <u>आर्थिक पक्षः</u>** समितिको बैठकमा सहभागी सदस्यहरुलाई नियमानुसार खाजा र यातायात खर्चको व्यवस्था गरिने छ ।

**१३. <u>जरिवाना</u>**: जग्गा धनीले सम्बन्धित संधियार वा कृषि समूह वा सञ्जाललाई खेतीवाली लगाउन अवरोध गरेमा समितिले उब्जनीको आँकलन गरी दोब्बर जरिवाना गर्न सक्ने छ । यस्तो जरिवानाको रकम नगरपालिकाको संचित कोषमा आम्दानी बाधिनेछ ।

**१४. <u>बचाउः</u>** यस अघि प्रचलित कानून अनुसार बाँझो जग्गा उपयोग सम्बन्धी भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

वडा नं.:

टोल विकास संस्था:

मिति: २०७७/२/३

अनुसूची -१

दफा ७ को उपदफा (४) सँग सम्बन्धित

तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रुपन्देही

वडागत बाँझो जग्गाको लगत विवरण

| क्र.स. | पथ/मार्ग | जग्गा धनीको नामथर (सम्भव भएमा) | सम्पर्क नं. | कित्ता नं. | निजी जग्गाको अन्दाजी क्षेत्रफल | | | खेती गर्ने संस्था/व्यक्तिको नामथर | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विघा | कट्ठा | धुर | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

सूचकको नाम, थर:
सम्पर्क नं.:
हस्ताक्षर:

रुजु गर्नेको नामथर :
पद:
सम्पर्क नं.:
हस्ताक्षर:

प्रमाणित गर्ने:
संयोजक
वडास्तरीय बाँझो जग्गा उपयोग समिति
हस्ताक्षर:

वडा नं.:

मिति: २०७७/२/३

अनुसूची -२

दफा ७ को उपदफा (९) सँग सम्बन्धित

तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रुपन्देही

वडागत बाँझो जग्गाको लगत विवरण

| क्र.स. | टोल विकास संस्थाको नाम | सम्पर्क नं. | कित्ता नं. | निजी जग्गाको अन्दाजी क्षेत्रफल | | | सरकारी बाँझो जग्गाको क्षेत्रफल | | | सम्भावित जग्गा उपयोगको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विघा | कट्ठा | धुर | विघा | कट्ठा | धुर | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | |
| 15 | | | | | | | | | | | |

रुजु गर्नेको नामथर :

पद:

सम्पर्क नं.:

हस्ताक्षर:

प्रमाणित गर्ने:

संयोजक

वडास्तरीय बाँझो जग्गा उपयोग समिति

हस्ताक्षर:

अनुसूची -३

मितिः २०७७/२/३

दफा ९ को उपदफा (११) सँग सम्बन्धित

तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रुपन्देही

नगरस्तरीय बाँझो जग्गाको लगत विवरण

आ.व. २०७६/०७७

| क्र.स. | वडा नं. | निजी जग्गाको अन्दाजी क्षेत्रफल | | | सरकारी बाँझो जग्गाको क्षेत्रफल | | | खेती गर्ने संस्था/व्यक्तिको नाम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विघा | कट्ठा | धुर | विघा | कट्ठा | धुर | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

फिल्ड रुजु गर्ने
अमिन

सिफारिस गर्ने
कृषि शाखा प्रमुख

प्रमाणित गर्नेः
संयोजक
नगरस्तरीय समिति

**आज्ञाले**
**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मितिः २०७७/२/३**